# लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति २०८०

**स्थानीय सरकार बहुदरमाई नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बहुअरी पिडरी, पर्सा**

**मधेश प्रदेश, नेपाल**

# धन्यवाद ज्ञापन

यस बहुदरमाई नगरपालिकाको लैगिंक तथा सामाजिक समावेशी मुलप्रवाहिकरण रणनिति तर्जुमा कार्य यो नगरपालिका र प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, मधेश प्रदेशको सहकार्यमा तयार गरिएको छ । स्थानीय तहको लैगिंक तथा सामाजिक समावेशी संभाव्यताको अध्ययन गरी रणनिति तयार गर्ने कार्यमा परामर्श सेवा प्रदान गर्ने श्री सामुदायिक विकास श्रोत केन्द्र नेपाल रामनगरी पर्सालाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं । यस पालिकाको वडा अध्यक्षहरू, कार्यपालिका सदस्य तथा कर्मचारीहरूले प्रदान गर्नु भएको सुझाव र सहयोगको सराहना गर्दछु।

यो रणनिति तयारका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री महमद शेरे मुस्तफा तथा कर्मचारीवर्गहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

सिंगासन सा तेली
(नगर प्रमुख)

सिंगासन सा तेली
नगर प्रमुख

१.पृष्ठभूमि :

मधेश प्रदेशको बहुदरमाई नगरपालिका, पर्साद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समाबेशी किन ? बनाउने भन्ने प्रश्नहरु उठिरहदा, संवैधानिक एवं कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, (नेपालको संविधान २०७२ को धारा-१८ र ३८ ले गरेको व्यवस्था), प्रदेश सरकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यान्वयन गर्न, (लैङ्गिक समानता नीति-०७८ महिला बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सामाजिक समावेशीकरण नीति-०७७ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय), नेपाल सरकारले अन्तर्राष्ट्रिय, राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता कार्यान्वयन गर्न, दीगो विकास लक्षका सुचकहरु कार्यान्वयन गर्न, (सुचक नं.१,५,१० र १६) नगरपालिकाबाट हुने सवै विकास र सेवा प्रवाहलाई संस्थागत लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण गर्दै लानका लागि यो "लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति" तयार गरिएको छ।

संविधानको धारा १८ मा उल्लेखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था रहेको छ। यसका साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था रहेकोमा।संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित गर्नुका साथै मातृत्व र प्रजन्न स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा विभेद रहित हुने व्यवस्था गरेको छ। संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था समेत गरेको छ। यसै गरी सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडा वर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समाबेशी अवधारणालाई आत्मसात् गरिएको छ। सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समाबेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था, विभिन्न समुदायहरु बीच सामाजिक सद्भाव र सौहादर्ता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था, स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था, योजना छनौटमा महिला, बालवालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैससास प्रवर्धन

गर्ने लगायतको व्यवस्थालाई आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

विकास प्रकृयामा मुख्यतया ३ वटा सामान्य प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ । पहिलो प्रश्न अहिले म कहाँ छु ? वर्तमान अवस्थाको विश्लेषण, दोश्रो अव म कहाँ र किन जाने ? लक्ष निर्धारण र तेश्रो त्यहाँ पुग्न कसरी सम्भव छ ? नीति तथा रणनीति तयारी गराउछ । तसर्थ यस बहुदरमाई नगरपालिका क्षेत्र भित्र अन्य विकास साझेदारहरुले आ-आफ्नो ढंगवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति वनाई कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने, कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने भएकोले यी निकायहरुवाट संचालन हुने कार्यक्रम आयोजनाका लागि समेत मार्गदर्शन हुने गरि यस बहुदरमाई नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति-२०८०, तयार गरिएको छ । यो रणनीतिका प्रमुख उपयोगकर्ताहरु बहुदरमाई नगरपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु र गैह्र सरकारी संस्थाहरु हुने छन् ।

## १.१ बहुदरमाई नगरपालिकाको संक्षिप्त परिचय :

बहुदरमाई नगरपालिका मधेश प्रदेश अन्तरगत पर्सा जिल्लाका १४ वटा स्थानीय तहका ३ वटा नगरपालिका मध्ये एक हो । वि.सं. २०७३ सालमा नेपाल सरकार, संघीय मामिला र स्थानीय विकास मन्त्रालयद्वारा ७५३ स्थानीय तह वनाई कार्यान्वयन भए पश्चात यस बहुदरमाई नगरपालिकामा साविकका गा.बि.स.रामनगरी , गम्हरिया, नगरदाहा, भौराटार, बहुवरी पिडरी , बैरियाबिर्ता दापु र बिश्रामपुर गाउँ विकास समितिलाई समावेश गरी ९ वटा वडाहरु रहने गरी बहुदरमाई नगरपालिका को स्थापना भएको हो । क्षेत्रफलको हिसावले ३१.५५ बर्ग कि.मी. क्षेत्रमा फैलिएको यो भु–भागमा ४३,७८० जनाको वसोवास रहेको छ । यसको पूर्वमा बिरगंज महानगरपालिका , पश्चिममा पोखरीया नगरपालिका , उतरमा पर्सागढी नगरपालिका र दक्षिणमा बिरगंज महानगरपालिको बिन्दबासिनी रहेको छ । नगरपालिकाको कार्यालय बहुवरी पिडरीमा रहेको छ। पर्सा जिल्लामा अवस्थित एउटा नगरपालिका हो। ३२ वर्ग किलोमिटर भौगोलिक क्षेत्रफलमा फैलिएको बाहुदरमाईमा जम्मा ९ वटा वडा छन् । केन्द्रीय तथ्यांक ब्यूरो (CBS) ले गरेको २०११ को जनगणना अनुसार बाहुदरमाई नगरपालिकाको कुल जनसंख्या ३९,६७३ थियो। उमेरका हिसाबले सबैभन्दा बढी जनसंख्या वाहुदरमाई नगरपालिकामा ५ देखि ९ वर्ष उमेर समूहका थिए र जम्मा ६ हजार ११० जना थिए । लैङ्गिक हिसाबले, समान उमेर समूहका 3,164 पुरुष र 2,946 महिला थिए। कम जनसङ्ख्या भएको उमेर समूह ७५ वर्षभन्दा माथि थियो जसमा कुल ३०९ जनसङ्ख्या थियो, जसमा १८९ पुरुष र १२० महिला छन्। शीर्ष ५ सबैभन्दा वढी जनसंख्या भएको उमेर समूह ५ र ९ (६,११०), ४ वर्षभन्दा कम (५,०६०), १० र १४ (४,९५५), १५ र १९ (३,३७६), २० र २४ बीच (३,१७८) कुल जनसंख्या २२,६७९ बीच थियो। यसको विपरित, तल्लो ५ मा कम जनसंख्या भएका उमेर समूहहरू ७५ (३०९), ७० र ७४ (५३१), ६५ र ६९ (८४४), ६० र ६४ (१,०९६) बीच र ५५ र ५९ (१,१३२) बीच जम्मा भएका थिए। 3,912 को जनसंख्या। कुल जनसंख्याको औसत उमेर समूह ३५ र ३९ र ४० र ४४ बीचको औसत जनसंख्या २,२४३ बीचमा पर्दछ।

केन्द्रीय तथ्यांक ब्यूरो ले गरेको २०११ को जनगणना अनुसार, बाहुदरमाई नगरपालिकाको कुल जनसंख्या ६,१२२ रहेकोमा अधिकांश यादव जातिको बसोबास थियो। त्यहाँ जम्मा १५ जति जनसङ्ख्या भएको कायस्थ जाति थियो । बाहुदरमाईमा



सिंगासन सा तेली
नगर प्रमुख

CamScanner

बसोबास गर्ने अन्य जातजातिहरू तेली, कुर्मी, मुस्लिम, कोइरीरकुशवाह, कानु, चमाररहरिजनरराम, नुनिया, तराई अन्य, मल्लहा, धानुक, हजामरठाकुर, कलवार, कठबनिया, लोहार, याक्खा, दुसध हुन्। पासवानरपसी, धोबी, कुम्हार, ब्राह्मण ( पहाड, तात्मारतत्व, सोनार, तामाङ, कुमाल, धुनिया, सन्यासीरदशनामी, ब्राह्मण ( तराई, बिन, बराई, माली, दमाईरढोली, डोम, कहार, राजपूत, मुसहर , केवट, कायस्थ आदि। बहुदरमाई नगरपालिकामा 2011 सम्ममा 15,580 जना मात्र पढ्न र लेख्न सक्ने पूर्ण साक्षर थिए, जबकि 1,316 जनाले पढ्न र लेख्न सक्ने थिए। प्रतिशतमा लैङ्गिक जनसङ्ख्याको तुलनामा पुरुष साक्षरताको प्रतिशत मात्रै थियो भने महिला साक्षरताको प्रतिशत मात्रै थियो।

## २.अवस्था विश्लेषण :

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्थाको विश्लेषण हो। हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ४ वटा क्षेत्र निर्धारण गरिएको छ। सोहि क्षेत्रको बारेमा विश्लेषण गरियो जुन यसप्रकारका छन।**

## २.१.सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अबसर र चुनौति (SWOT) विश्लेषणः

बहुदरमाई नगरपालिका लैससासको दृष्टिकोणवाट सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीमा विश्लेषण गरिएको छ। यसरी विश्लेषण गर्दा नीति तथा कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुशासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिएको छ।

**(क) सवल पक्ष (Strength)**

१. बार्षिक कार्यक्रममा महिला तथा लक्षित बर्गका विकास कार्यक्रमहरु समावेश भएको ।
२. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको।
३. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चित्ता भएको।
४. उपभोक्ता समितिहरुमा ३३ % महिला सहभागिता अनिवार्य गरिएको।
५. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ३३% भन्दा वढी भएको।
६. महिला तथा लक्षित वर्गका लागि जिविकोपार्जन, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रमको थालनी गरेको।
७. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको।
८. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको।
९. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको।
१०. सवै विद्यालयमा महिला, पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको।
११. भौतिक पुर्वाधारका हाल गरिएको डिजाइनहरुमा लैससास मैत्री प्रावधानहरु समेट्ने गरिएको।
१२. सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गरिएको।
१३. लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडितहरुल ठेन्यायिक समिति तथा मेलमिलाप केन्द्र मार्फत विना खर्च न्याय पाएको।

Rajnath
सिंगासन सा तेली
नगर प्रमुख

१४. नगरपालिका भित्र हुने गरेका सामाजिक कुरितिहरु -जातिय छुवाछुत, बालविवाह, न्यूनिकरणको लागि कार्यक्रमहरु संचालन गरेको ।

१५. संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा नगरपालिकाले सहकार्य समन्वय गरेको ।

१६. लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनाका बारेमा छलफल हुने गरेको ।

१७. नियमित रुपमा कार्यक्रमको सार्वजानिक परीक्षण, सामाजिक परीक्षण, सार्वजानिक सुनुवाई मार्फत कार्यक्रमको सार्वजनिक गर्ने गरेको ।

**(ख) सुधारगर्नु पर्ने पक्ष (Weakness)**

१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नभएको ।

२. नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति निर्माण नगरेको ।

३. वार्षिक नीति तथा योजनामा महिला, बालबालिका, पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि कार्यक्रमहरु नबनेको ।

४. नीति, कानून, कार्यविधि निर्माण गर्न नगरपालिकामा सक्षम जनशक्ति प्रयाप्त नभएको ।

५. लैससासका लक्षित वर्गहरुको छुट्टै खण्डिकृत तथ्यांक (वस्तुगत विवरण) नभएको ।

६. स्थानीय तहले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षबाट हेर्ने नगरेको ।

७. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षणलाई बजेट व्यवस्थापन नभएको ।

८. दीगो विकासको लक्ष्यका सुचकहरु १, ५, १० र १६ लाई तोकेर बजेट विनियोजन नगरिएको ।

९. कुनै नीति, नियम, कार्यविधि दिग्दर्शन जारी गर्नु भन्दा अगाडी लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण नगरिएको ।

१०. हाल कार्यरत कर्मचारीहरु ३३% महिला कर्मचारी नभएको ।

११. जेष्ठनागरिक शाखा स्थापना नभएको ।

१२. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल हुनु६ गरेको त्यसको अभिलेख राख्ने नगरेको ।

१३. महिला पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यव्यवहार, भेदभाव, महिला हिंसा नियन्त्रणको आचार संहिता बनाएर लागु नभएको ।

१४. पदाधिकारी तथा कर्मचारी लैससास सम्बन्धी बुझाईमा एक रुपता नभएको र कार्यान्वयन पक्ष लैससास मैत्री नभएको ।

१५. बहुदरमाई नगरपालिका लैङ्गिक हिंसा मुक्त स्थानीय तह घोषणा हुन नसकेको ।

१६. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि बजेट विनियोजन तथा शौचालयको ब्यवस्था नभएको

१८. योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा गर्ने नगरिएको ।

१९. निःशुल्क प्रसूति सेवा, नवजात शिशु तथा सुत्केरीका लागि विशेष कार्यक्रम संचालन नगरिएको

२०. समावेशी सुचना प्रणाली व्यवस्थापनका लागि बजेट विनियोजन नभएको ।

२१. लक्षित वर्गको सरकारी सेवामा प्रवेशका लागि लोकसेवा तथा शिक्षक सेवा आयोगका पुर्व तयारी कक्षाहरु संचालन नभएको ।

**(ग) अवसर (Opportunity)**

१. विभिन्न जातजाती, समुदाय बीच सामाजिक र सास्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त वातावरण रहेको ।

२. नगरपालिकामा विभिन्न गैह्रसरकारी संघ ,संस्थाहरु कार्यरत रहेको ।

३. नगरपालिकामा कार्यरत कर्मचारीहरुमा युवाको वाहुल्यता रहेकोले युवा जोस र जाँगरलाई नगरपालिकाको सर्वाङ्गिण विकासमा प्रयोग गर्न सकिने ।

४. महिला समूहहरु र जातीगत समूहहरु क्रियाशिल हुनुले नियमित रुपमा नेतृत्व विकास तथा समूह संचालनका वारेमा गतिविधि भई रहनुले लक्षित बर्गका लागि कार्यक्रम संचालन गर्न सकिने अवस्था रहेको ।

५. बिद्यमान सरकारी विद्यालयहरुमा शैक्षिकका साथ साथै समावेशी कार्यक्रमहरु समावेश गरी विद्यार्थीहरुको आकर्षण वढाउन सकिने संभावना रहेको ।

६. सुफथ मूल्यका सहकारी पसलहरु स्थापना र संचालनमा ल्याई लक्षित वर्गलाई प्रत्यक्ष राहात दिन सकिने संभावना रहेको ।

७. नगरपालिकामा रहेका युवा जनशक्तिलाई विषयगत क्षेत्रमा परिचालन गर्न सकिने ।

८. नगरपालिका प्रमुख अनुभवि युवा नेतृत्वले सहकार्य र समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने ।

९. लैससास मैत्रि संघीय र प्रदेश कानूनहरु उपलब्ध हुनु ।

(घ) चुनौतीहरु **(Threat)**

1. जातीय छुवाछूत, लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत कुमान्यता विरुद्धका नीति नियम कार्यविधिहरुको कार्यान्वयनमा जटिलता ।
2. मागमा आधारित बास्तविक योजनाहरुको छनौट, प्राथमिकिकरण र कार्यान्वनयमा कठिनाई ।
3. समस्यामा भन्दा चाहानामा योजनाहरु छनौट हुँदा कार्यान्वयनमा समस्या ।
4. संघीय सरकार तथा प्रदेश सरकारसंग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरुको कमी हुँदा अति आवश्यकीय योजनाका लागि बजेट माग गर्न कठिनाई ।
5. अन्तराष्ट्रिय प्रतिवद्धता तथा महासन्धीहरुका वारेमा सवै जनप्रतिनिधिहरुलाई जानकारी नहुँदा नीति, कार्यक्रम वनाउन कठिन ।
6. गरिबी पहिचानका आर्थिक, सामाजिक आधारहरु ठाउँ अनुसार फरक-फरक हुने भएकोले गरीवी मापनका सुचकहरु निर्माण र कार्यान्वयन गर्न कठिन ।
7. विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको कामको मूंल्याङ्कन गर्ने पद्धति नहुनु र महिलाको श्रम र योगदानको कदर गराउन व्यवहारिक समस्या ।
8. नगरपालिकाले समान काममा समान ज्यालाको प्रावधान बनाए पनि सामाजिक रुपमा कार्यान्वयन गर्न कठिन ।
9. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि निर्माण भएका ऐन, नियम, कानून र कार्यविधिहरुको वारे समान वुझाई नहुँदा कार्यान्वयन गर्न कठिन ।
10. समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातीय छूवाछूत, वोक्सी, घरेलु हिंसा, बालबिबाह, बालश्रम) को अन्त्यका लागि आवश्यक कार्यहरु सञ्चालन गर्न कठिन ।
11. सुचना तथा संचारका आधुनिक प्रविधिहरु (मोवाइल, टेलिभिजन, इन्टरनेट) को दुरुपयोगले सामाजिक विकृति वढ्दै जाने संभावना देखिनु ।
12. सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्था गर्न नसक्नु ।
13. विद्यालय उमेरका बालबालिकाहरु गरीवीका कारण विद्यालय भन्दा बाहिर रहनु ।

## २.२.सरोकारवालाहरूको पहिचानः



सिंगासन सा तेली
नगर प्रमुख

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सीधा सम्पर्क (नगरपालिका भित्रका) पहिलो, स्थानीय स्तरमा सम्पर्क हुने (नगरपालिका भित्र स्थापना भई कार्य गर्ने) दोश्रो, र पहुँचका आधारमा सम्पर्क हुने र अन्तराष्ट्रियका तेश्रो सरोकारवाला गरी ३ भागमा विभाजन गरिएको छ ।

| सिधा सम्पर्क हुने (पहिलो नं. का सरोकारवालाहरु) | दोश्रो माध्यमवाट सम्पर्क हुने (दोश्रो नं. का सरोकारवालाहरु) | अप्रत्यक्ष सम्पर्क हुने (तेश्रो नं. का सरोकारवालाहरु) |
|---|---|---|

सिंगासन सा तेली
नगर प्रमुख

| | | |
|---|---|---|
| १. प्रशासन शाखा, | १. विकास साझेदारहरु, | १. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्याल मधेश प्रदेश, |
| २. योजना शाखा, | २. सहकारी संस्थाहरु, | २. प्रदेश मन्त्रालयहरु सवै, |
| ३. शिक्षा शाखा, | ३. बैक तथा वित्तीय संस्थाहरु, | ३. प्रदेश योजना आयोग, |
| ४. स्वास्थ्य शाखा, | ४. साना घरेलु उधेगहरु, | ४. प्रदेश सुशासन केन्द्र, |
| ५. खानेपानी शाखा | ५. वालक्लवहरु, | ५. भूमी व्यवस्था आयोग, |
| ६. कृषि शाखा, | ६. आमा समूहहरु, | ६. संघीय मन्त्रालयहरु, |
| ७. पशु शाखा, | ७. विद्यालयहरु, | ७. महिला आयोग, |
| ८. लेखा शाखा, | ८. गैह्रसरकारी संस्थाहरु, | ८. दलित आयोग, |
| ९. प्राविधिक शाखा, | ९. स्वयम सेवक समूहहरु, | ९. मुस्लीम आयोग, |
| १०.विपद् व्यवस्थापन शाखा, | १०.राजनैतिक दलहरु, | १०. राष्ट्रिय योजना आयोग, |
| ११.भूमि तथा नक्शा शाखा, | ११.स्थानीय संचार माद्यमहरु, | ११. मानव अधिकार आयोग, |
| १२.अमिन शाखा, | १२.रेडक्रस, | १२. अन्तराष्ट्रिय दातृ निकायहरु, |
| १३.सवै वडा कार्यालयहरु, | १३. विषयगत कार्यालयहरु। | १३. राष्ट्रिय स्तरका दातृ निकायहरु, |
| १४.नगरकार्यपालिका, | | १४. राष्ट्रिय स्तरका संचार माद्यमहरु। |
| १५.नगर सभा, | | |
| १६.न्यायिक समिति, | | |
| १७.विषयगत समितिहरु सवै। | | |

**२.३. लक्षित वर्गको पहिचानः** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो। त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएँको छ।

| महिला | एकल महिला | बालबालिका |
|---|---|---|
| जेष्ठ नागारिक | दलित | अल्पसंख्यक |
| किसान | मजदुर | अपाङ्गता भएका व्यक्ति |
| द्वन्ध पिडित | विपन्न वर्ग | आदिवासी जनजाती |
| | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | सुकुम्वासी |

उल्लेखित ४ प्रकारको विश्लेषणवाट लै.स.सा.स.को क्षेत्रमा यस बहुदरमाई नगरपालिका को वर्तमान अवस्थाका सवै पक्षहरु प्रष्ट भएका छन् । सवल पक्ष, सुधारगर्नु पर्ने पक्ष, अवसर र चुनौतीसंगै लैससास रणनीति कार्यान्वयनका लागि ३ प्रकारका सरोकारवालाहरु र सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । समग्रमा सवल पक्षहरु भन्दा सुधारगर्नु पर्ने पक्षहरु केहि वढि देखिएका छन भने अवसर भन्दा चुनौतीहरु केही वढी देखिदा लैससासको रणनीतिमा (स्थानीय तहका आन्तरिक कमजोरीहरु र वाह्य चुनौतीहरु तुलनात्मक रुपमा धेरै छन भने र कमजोरी तथा चुनौतीलाई कसरी कम गर्ने भन्ने आधारमा रणनीति तयार गरिएको छ । तसर्थ पहिचान भएका सवल पक्षहरुको श्रोत र शक्तिको रुपमा परिचालन गर्दै, उपलब्ध अवसरहरुको सदुपयोगको माध्यमवाट कमजोरीलाई सवल र चुनौतिलाई अवसरमा परिणत गरि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत र सुदृढ पार्दै लक्ष प्राप्तिको लागि सोहि अनुरुपको रणनीति तयार गरिएको छ ।

## ३.दीर्घकालिन सोच (Vision)

लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समाबेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने।

## ४.ध्येय (Mission):

"लैससास सम्वन्धित समाजमा विद्यमान हानिकारक मुल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याउन विभेद रहित समावेशी समाज, बहुदरमाई नगरपालिकाको आवाज र परिकल्पना"

## ५.लक्ष (Goal)

न्यायोचित र समतामुलक विकासको माद्यमवाट वहिस्करणमा परेका र पारिएका वर्ग, समाजलाई विकासको मुलप्रवाहमा ल्याई, गरीवि न्यूनीकरण गर्दै लैजाने ।

## ६.उदेश्य (Objectives):

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मान्यता अनुरुप नगरपालिकाले गर्ने सम्पूर्ण विकास तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउदै संस्थागत पद्धतीको विकास गर्नु ।

**रणनीतिका मुख्य उद्देश्यहरु :**

१. नगरपालिकामा उपलब्ध श्रोत साधनहरुलाई लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।

२. लैङ्गिक उत्तरदायी बजेट निर्माण गरि कार्यान्वयनमा ल्याउने ।

३. लैससास सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता लगायत सन्धि संझौताहरु कार्यान्वयनमा ल्याउने खालको नीति तथा कार्यक्रमहरु ल्याउने ।

४. लक्षित वर्गलाई विकासको मूलप्रवाहमा ल्याउने नीति, कानून र कार्यक्रमहरु विकास गर्ने ।

५. संस्थागत व्यवस्था अन्तगत कार्य प्रणाली, वीत्त व्यवस्थापन एवं तथ्याङ्कमा समेत महिला तथा लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने ।

६. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्ने ।

७. अनौपचारिक मूल्य मान्यता, कुसंस्कार विरुद्ध जनचेतना वृद्धि हुने कार्यक्रमहरुको विकास र कार्यान्वयनका लागि वजेट विनियोजन गर्ने ।

८. आधारभुत आवश्यकतालाई सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र सोही अनुसारको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

**७. लैङ्गिक तथा सामाजिक समाबेशीकरण नीति (GESI Policy)** माथि उल्लिखित उदेश्यहरु परिपूर्तीको लागि निम्नानुसारका नीतिहरु अवलम्वन गरिनेछ ।

१. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि, वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकास तथा शान्ती एवं सुशासनसंग सम्बन्धित सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।

२. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

३. महिला तथा बालबालिकासंग सम्बन्धीत सबै अन्तराष्ट्रिय, सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षका सुचकहरुलाई स्थानीयकरण गरी कार्यान्वयन गर्दै लैजाने ।

४. नगरपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका, कार्यविधिहरु, महिला, वालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, दलित, लोपोन्मुख, सिमान्तकृत, आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

५. लैससास वारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना सचेतीकरण तथा क्षमता विकास गर्ने

६. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।

७. वार्षिक वजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने

८. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

९. बालबालिका, अपाङ्गता भएका ब्यक्ति तथा जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने।

१०. मानव संसाधन विकास शाखा स्थापना गरि लैससासका लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै लैजाने ।

११. निर्माण भएका संघीय, प्रदेश र स्थानीय कानून तथा कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई नियमित रुपमा अनुशिक्षण गर्दै लैजाने ।

१२. सामाजमा रहेका विद्यमान कुरीतिहरु विरुद्धका सचेतनामूलक कार्यक्रमलाई हरेक सामाजिक विकासका कृयाकलापहरुमा समावेश गरी छलफल गर्ने ।

१३. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता सामाजिक विकासका क्षेत्रहरुमा लैससासंग सम्बन्धी सूचकहरु निर्माण गरि नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

८.लैससास रणनीति (**GESI Strategy**) लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका लागि तपसिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछ ।

**८.१ मूल प्रवाहिकरणः**

क) महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पहुँचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

ख) लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रवाहीकरण गर्ने । साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माद्यमवाट लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

**८.२ समाबेशीकरणः** विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

**८.३ स्थानीयकरणः** अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दिगो विकास लक्ष्यका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासील गर्ने ।

**८.४ सशक्तिकरणः**

क. लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमवजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई प्राथमिकतासंगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ग. स्वरोजगार, रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

घ. कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

**८.५ सचेतीकरणः**

क) लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण वारे संविधान, ऐन, कानून, नीति, कार्यविधि र दिग्दर्शनका प्रावधान कार्य प्रणाली र समाबेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परिणाममा एक रुपता ल्याउने ।

ख) समाजमा विद्यमान कुरीति, अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (ऋचयकक अगततष्लन ष्ककगभ) को रुपमा छलफल गर्दै लैजाने ।

**८.६ संस्थागत संरचनाः**

क) संघीय तथा प्रादेशिक कानून, कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै गाउँपालिकाले निर्माण गर्ने हरेक ऐन, कानून र कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

**८.७ समन्वयः**

क) विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजन, उपभोक्ता समूह गठन तथा परिचालन, अनुगमन तथा मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

CamScanner

ख) संघीय सरकार, प्रदेश सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

८.८ सहकार्य:

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि गाउँपालिका भित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैंक, वित्तीय संस्था, सहकारी, उद्योग वाणिज्य संघ, घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) बीच सहकार्य गर्ने ।

ख) संघीय सरकार, प्रदेश सरकार, विभिन्न दातृ निकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुसंग लैससास मैत्री साझा प्रतिफल हासिल गर्न सहकार्य गर्ने ।

८.९ सहजीकरण:

क) बहिष्करणमा परेका वर्गहरुलाई आर्थिक, सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जुमा देखि अनुगमन मूल्याङ्कन सम्मका हरेक चरणमा बस्ती तथा समुदाय स्तरमा नै सहजीकरण गर्ने संयन्त्र विकास गरी परिचालन गर्ने ।

ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी तथा गैह्रसरकारी संघसंस्था तथा विभिन्न प्रतिष्ठान, आयोग, समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजीकरण गर्ने ।

८.१० सामाजिक सुरक्षा:

क) नगरपालिका क्षेत्र भित्र रहेका नागरिकहरु जो आफ्नो सुरक्षा र संरक्षण आफै गर्न सक्दैन त्यस्ता नागरिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरु, सामाजिक सुरक्षा अन्तर्गत अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख जातजातीहरु, दलित लगायतलाई संरक्षण, स्वास्थ्य, शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

८.११ अनुगमन तथा मूल्याङ्कन:

क) प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणबाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको एकिन गर्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री बनाउदै लैजाने ।

सिंगासन सा तेली
नगर प्रमुख

## ९.रणनैतिक कृयाकलापहरु ०:

| क्रसं | उदेश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुस्त्याईका आधारहरु |
|---|---|---|---|---|---|---|
| 1. | नगरपालिकामा उपलब्ध स्रोत साधनहरुलाई लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने। | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि, वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकास तथा शान्ती एवं सुशासनसंग सम्बन्धीत सबै क्षेत्रको बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने। | लैङ्गिक उत्तरदायी बजेट मार्फत सबै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रवाहीकरण गर्ने। | १. लैससास मैत्री योजना तर्जुमा तथा कार्यान्वयनका लागि निश्चित प्रतिशत पुजिगत बजेट विनियोजन गर्ने।<br>२.योजना संकलन तथा प्राथमिकिकरण प्रकृयामा नै लक्षित वर्गको सहभागिता अनिवार्य गर्ने।<br>३.लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृयालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।<br>४. लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृयाबाट आवधिक योजना तर्जुमा गर्ने।<br>५. लैङ्गिक उत्तरदायी योजना तर्जुमाका लागि सुचकहरु तयार गरी त्यसैको आधारमा योजना तर्जुमा मापन र परीक्षण गर्ने।<br>६. लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयनका लागि सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने।<br>७. सेवा प्रदायक अन्य निकायहरुलाई लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रकृयाका बारेमा अभिमुखीकरण गर्ने। | १. वार्षिक बजेटमा कम्तीमा ३५% पुजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ<br>२. लैससास मैत्री आवधिक योजना तयार भएको हुनेछ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जुमा तथा मापन सम्बन्धी सूचकहरु निर्माण भएका हुनेछन।<br>४. योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको पूर्ण सहभागिता भएको हुनेछ। | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. आवधिक योजना<br>३. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>४. कार्यपालिकाका बैठकका निर्णयहरु<br>५. नगरसभाको बैठकका निर्णयहरु |

सिंगासन सा तेली
प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2 | लैङ्गिक उत्तरदायी बजेट निर्माण गरि कार्यान्वयनमा ल्याउने | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्द लैजाने। | विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धीत सबै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङ्न गर्दै लैजाने। | १) लक्षित वर्गको खण्डिकृत तथ्याङ्क संकलन तथा हरेक वर्ष अद्यावधिक गर्दै लैजाने।<br>२) कानून तथा कार्यविधिमा महिला तथा बञ्चितकरणमा परेका समूदायको लागि उल्लेख भएका प्रवधानहरुका वारेमा सरोकारवाला पक्षलाई सुसुचित गर्ने।<br>३) जीविकोपार्जनसंग जोडिएका आर्थिक गतिविधिहरुमा लक्षित वर्गका लागि निर्दिष्ट बजेट विनियोजन गर्ने।<br>४) संघ संस्थामा प्रतिनिधित्व, शाखा प्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखेर गर्ने।<br>५) राजनैतिक नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवं लक्षित वर्गलाई निश्चित प्रतिशत सहभागिता प्रदान गर्ने।<br>६) महिला तथा लक्षित वर्गको कार्यवोझ कम गर्ने सरल तथा समय वचत हुने खालका (व्यवहारिक आवश्यकता पुरा हुने) कार्यक्रममा बजेट विनियोजन गर्ने।<br>७) महिला तथा लक्षित वर्गको स्थिति परिवर्तन गर्ने खालका - शिक्षा रोजगारीसंग सम्बन्धीत) रणनैतिक कार्यक्रम बजेटमा समावेश गर्ने। | १) लक्षित वर्गको वस्तुगत खण्डिकृत तथ्यांक वार्षिक रुपमा अध्यावधिक भएको हुनेछ।<br>२) कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरुलाई अभिमुखीकरण भएको हुनेछ।<br>३) लक्षित वर्गको जीविकोपार्जन हुने गरी निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ।<br>४) उपभोक्ता समिति, कार्यदलहरुमा कम्तिमा ४०% लक्षित वर्गको सहभागिता भएको हुनेछ।<br>५) कम्तिमा बर्षका १ पटक लक्षित वर्गको लागि लोकसेवा र शिक्षा सेवा आयोगको परिक्षा तयारी कक्षाहरु संचालन भएका हुनेछन्। | १) वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२) कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति। ३) गठित उपभोक्ता समितिको विवरण र कार्यवधि।<br>४) कार्यपालिका बैठक तथा सभाका निर्णयहरु |
| 3. | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता लगायत सन्धि संझौताहरुलाई कार्यान्वयन ल्याउने खालको नीति तथा कार्यक्रमहरु ल्याउने। | महिला तथा बालबालिकासंग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकासका लक्ष्यलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने। | अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकासका लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने। | १) दीगो विकासका लक्षका १७ वटा सुचकहरुका वारेमा कर्मचारी तथा पदाधिकारिहरुलाई अभिमुखीकरण कार्यक्रम संचालान गर्ने।<br>२) वेइजिङ सम्मेलनका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण गरी कार्यान्वयनका लागि योजना तर्जुमा गर्ने।<br>३) संयुक्त राष्ट्र संघीय सुरक्षा परिपदको दस्तावेजका प्रस्ताव न १३२५ र १८२० तथा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी,१९८९ वारेमा कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखीकरण गरी कार्यान्वयनमा ल्याउने।<br>४) आवश्यक कानून तथा कार्यविधि तयार गर्ने। ५) यी उल्लेखित कार्यक्रमका लागि वार्षिय रुपमा बजेट विनियोजन | १) दीगो विकास लक्ष, महिला माथि हुने सबै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धीहरुको अभिमुखीकरण भएको हुनेछ।<br>२) अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भएको हुनेछ।<br>३) यी कार्यक्रमहरुका लागि बजेट विनियोजन भएको हुनेछ। | १) अभिमुखीकरण गोष्ठी, तालिम कार्यक्रमहरुको उपस्थिति विवरण,<br>२) वार्षिक नीति तथा कार्यक्रमको बजेट खर्च अभिलेख,<br>३) कार्यान्वयन लागि वनेका कार्यविधिहरु<br>४) कार्यपालिका बैठक तथा सभाका निर्णयहरु र फोटोहरु। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | र कार्यान्वयन गर्ने । | | |
| ४. | लक्षित वर्गलाई विकासका ठ मूलप्रवाहमा ल्याउने खालका नीति, कानून र कायत्र्महरु विकास गर्ने । | नगरपालिकाले निर्माण गरेका सवै कानून, नीति, नियम, निर्देशिका, र कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, दलित, लोपोन्मूख, सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने । | संघीय तथा प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै नगरपालिकाले निर्माण गर्ने हरेक ऐन, कानून, कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | १. लैससास सम्बन्धी संघीय तथा प्रादेशिक कानूनले व्यवस्था गरे अनूरुपका संस्थागत संरचनाहरु निर्माण गर्ने ।<br>२. कानून कार्यविधिहरु निर्माण गर्दा लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गर्ने ।<br>३. महिला, पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु विच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने ।<br>४. योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति गर्ने गरि गर्ने ।<br>५. विगतमा वनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक सामावेशीकरणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>६. कानून कार्यविधि तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका विषयहरुलाई समावेश गर्ने ।<br>७. सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानुपातिक सहभागिताका लागि कानुनी व्यवस्था गर्ने । | १. कानून कार्यविधिले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन ।<br>२. नयाँ वन्ने सवै कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरिएको हुनेछ ।<br>३. महिला पुरुष तथा रैथाने र आप्रवासी कामदाहरु वीच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>४. विगतमा वनेका कार्यविधिहरु आवश्यता अनुसार संसोधन भएका हुनेछन ।<br>५. कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन ।<br>६. समानुपातिक नेतृत्वका लागि कानूनी व्यवस्था भएको हुनेछ । | १। वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका ।<br>२। कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका ।<br>३। यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि वनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन । ४ सम्पूर्ण गतिविधिहरुको फोटोहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 5. | संस्थागत व्यवस्था अन्तगत कार्य प्रणाली, वीत्त व्यवस्थापन एवं तथ्याङ्कमा समेत | लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ | महिला, लक्षित वर्ग बहिष्करणमा परेका समुदायले भोगेका समस्या र | १) संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिलालाई प्राथमिकता दिने ।<br>२) लक्षित वर्गको जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने । (महिला, जेष्ठ नागरिक, अल्पसंख्यक...) | १) शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ<br>२) लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ । | १) कार्यपालिकाका निर्णय पुस्तिका<br>२) विशेष सेवा प्रदायक कार्यदलको बैठकका |
| | महिला तथा लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने । | नागारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संबोधन गर्दै वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी<br>लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गर्ने, खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्बन गर्ने । | सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थालाई संस्थागत रुपमा योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान कार्यमा समान अवसर र समस्याको सम्बोधनबाट मूलप्रबाहीकरण गर्त विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन लैससास मैत्री वनाउदै लैजाने । | ३) महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने<br>४) कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार, जातीय भेदभाव तथा महिला हिंसाका घट्ना नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने ।<br>५) आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्तिकरणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने ।<br>६) महिला, बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।<br>७) स्थानीय संचारका माध्यम मार्फत लैससास सम्बन्धी सूचना एवं सचेतनामूल सामाग्रीहरु तयारी तथा प्रकाशन र प्रशारण गर्ने ।<br>८) उपभोक्ता समिति गठन तथा परिचानल गर्दा महिला, यौनिक तथा लैङ्गिक अल्प संख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | ३) महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ ।<br>४) यौन दुव्र्यवहार, जातीय भेदभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५) महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ । ६) लैससास सम्बन्धी सचेतना मुलक कार्यक्रम संचालन भएको हुनेछ । | निर्णय प्रतिलिपि<br>३) महिला पुरुष समविकास कार्यनीति<br>४) महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५) कार्यक्रमका अडियो भिडियो, फोटो लगायतका सामाग्रिहरु । |
| 6. | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्ने । | मानव संसाधन विकास शाखा स्थापना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमिकतमा राखेर कार्यान्वयन गर्दै निर्माण भएका संघीय तथा स्थानीय कानून, कार्य विधिहरुको बारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने । | लक्षित वर्गको क्षमता अभिवृद्धिसंगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेश गरेर आत्म निर्भर वनाउने । | १. लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने ।<br>२. लैससास बजेट खर्च कार्यविधि तयार गर्ने ।<br>३. नगरपालिकाले आयोजना गर्ने प्रत्येक तालीममा लैङ्गिक समानता सामाजिक समावेशीकरण विषयलाई अकाट्य सवालको रुपमा राख्ने नीति वनाउने ।<br>४. मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>५. लैङ्गिक हिंसा निवारण कार्य विधि बनाउने ।<br>६. कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौनजन्य दुवर्‍यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसार गर्ने । | १. वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ ।<br>४. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुवर्‍यहारमा कमी आएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेटको व्यवस्था ।<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि ।<br>३. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुवर्‍वहारमा विरुद्ध निर्णय भएका माइन्युटहरु ४. प्रत्यक्ष अवलोकन ५. दस्तावेजहरु |

सिंगासन नाम मैनी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 7. | अनौपचारिक मूल्य मान्यता, कुसंस्कार विरुद्ध जनचेतना वृद्धि हुने कार्यक्रमहरुको विकास र कार्यान्वयनका लागि वजेट विनियोजन गर्न | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतनालाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध चेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने । | १. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता लिइ यसमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई पुरस्कार तथा दण्डको व्यववस्था गर्ने ।<br>२. हिंसा प्रभावित बेचविखनमा परेका महिला तथा यौनिक र लैङ्गिक अल्पसंख्यकहरुका लागि सेवा केन्द्र स्थापना गर्ने ।<br>३. सचेतनामुलक कार्यक्रमलाई रेडिया, पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।<br>४. लैङ्गिक हिंसा निवारण आचारसंहिता निर्माण र पालना गर्ने ।<br>५. सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने ।<br>७. सामाजिक कुरीति विरुद्ध सडक नाटकको व्यवस्था मिलाउने । | १. सामाजिक कुरीतिहरुका विरुद्ध श्रब्य दृष्य सामाग्री निर्माण भएको हुनेछ ।<br>२. हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br>३. अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४. वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | १. वार्षिक बजेट तथा नीति कार्यक्रमहरु ।<br>२. श्रब्य दृष्य मामाग्रीहरु<br>३. सामाजिक संजालमा गरिएका पोष्टहरु ।<br>४.अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख ।<br>५. प्रत्यक्ष अवलोकनका साथै (सेवा केन्द्र) ।<br>६. दस्तावेज र फोटोहरु |
| 8. | आधारभुत आवश्यकतालाई सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र सोही अनुसारको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता सामाजिक विकासका क्षेत्रहरुमा लैससाससँग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने । | प्रत्येक चरणमा गरिने अनुगमन तथा मूल्याङ्कन लैससासको दृष्टिकोणवाट गर्ने । पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको एकिन गर्ने सुचक समेत थप गरी अनुगमन र मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | १) महिला साक्षारता कार्यक्रम संचालन गर्ने ।<br>२) शिक्षण अभ्यास संगै निश्चित निराक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३) यौनिक अल्पसंख्यकहरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाइ पुग्ने गरी निर्माण गर्ने ।<br>४) स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सुचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने ।<br>५) आवश्यक वजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने ।<br>६) अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहित बालमैत्री, अपाङ्गमैत्री....संरचनाहरु निर्माण गर्ने ।<br>७) जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने ।<br>८) हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपम सामाजिक परिक्षण र नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने ।<br>९) हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्ने गरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | १) संभावना रहेका सवै निराक्षरहरु साक्षार भएका हुनेछन ।<br>२) यौनिक अल्पसंख्यकहरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ ।<br>३) वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने यूवाहरुका लागि सीप विकास तालीम संचालन भएको हुनेछ ।<br>४) हरेक वन्ने संरचना समावेशी मत्रै ीी हुनेछन ।<br>५०) आथिक पारादर्शितामा निखार आएको हुनेछ । | १) वार्षिक प्रगती प्रतिवेदनहरु<br>२) तालीम सम्पन्न प्रतिवेदनहरु<br>३) कार्यपालिका निर्णयहरु<br>४) सभाका निर्णयहरु<br>५) अनुगमन मुल्याङ्कन फारमहरु<br>६) सार्वजानीक सुनवाई, लेखापरीक्षण, सामाजिक परिक्षणका प्रतिवेदनहरु<br>७) वार्षिक अभिलेख र फोटोहरु । |

।जिल्लाााफ६
सिंहासन सा तेली
प्रमुख

## १०. वीत्त व्यवस्थापन ;

यस बहुदरमाई नगरपालिकाको तयार भएको रणनैतिक कृयाकलापहरु संचालन र कार्यान्वयन गर्नका लागि वीत्तको आवश्यकता पर्ने हुँदा अतिरिक्त वाह्य श्रोत प्राप्त गरेर हाल संचालन भइरहेको वजेट नीति तथा कार्यक्रमहरुवाट कार्यान्वयनमा लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण छ । लैससास मैत्रि वनाउन निम्न कार्यहरु गरिनेछ ।

क) लैससास लक्षित कार्यक्रमका लागि नगरपालिकाले बार्षिक रुपमा निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख) भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग) लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ) स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने ।

ङ) स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलब्ध गराइ वित्तीय सहयोग पुर्याउन बंैक तथा वित्तीय संघ संस्थाहरुसंग समन्वय गर्ने ।

च) संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुको अध्ययन गरी आवश्यक परियोजना प्रस्ताव तयार गरेर अधिकतम श्रोत प्राप्त गर्न आवश्यक जनशक्ति परिचालन गर्ने ।

छ) सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।११. कानुनी व्यवस्थाः लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि नगरकार्यपालिकाको बैठकले अनुमोदन र नगरसभावाट पारित गराउनु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि नगरपालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजाने छ । तथापी नगरसभाले पास गरी सके पछि कानुन कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन् ।

१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्वः लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी नगरपालिकाका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ । (लैससास परिक्षण दिग्दर्शन २०७८ ले व्यवस्था गरेको) सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका संयोजकको हुनेछ । आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ । बहुदरमाई नगरपालिकामा कार्यरत सवै संघसंस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नु पर्नेछ । रणनैतिक कृयाकलापका वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाईने छ ।



सिंगासनी मा तेली
नगर प्रमुख

यस रणनीतिकार्यान्वयनको लागि पालिका प्रमुख संयोजकत्वमा गठित समितिले गर्दछ -पालिकामा सामाजिक समावेशि नीति २०७८ र लैससास परिक्षण दिग्दर्शन २०७८ को व्यवस्था अनुसार समितिमा निम्न लिखित सदस्यहरु रहनेछन् ।

बहुदरमाई नागरपालिकाका प्रमुख संयोजक
उपप्रमुख सदस्य
प्रमुख प्रशासकिय अधिकृत सदस्य
सामाजिक विकास समितिका संयोजक सदस्य
कार्यपालिका सदस्यहरु मध्येबाट कम्तीमा दुइ जना महिला सहित संयोजकले तोकेका तिन जना सदस्य
सांमाजिक संस्थाबाट समावेशी प्रतिनिधित्व हुने गरि तिन जना सदस्य
सामाजिक बिकाश शाखा प्रमुख सदस्यसचिव

उक्त समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेको छ ।

- सामाजिक समावेशिकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने गराउने।
- नीति तथा रणनीतिकार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकाय विच सहकार्य सहजिकरण र समवन्वय गर्ने गराउने।
- सामाजिक समावेशीकरण सम्बन्धि बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक।
- समन्वय, सहकार्य तथा प्रोत्साहन एवम सहयोग सम्बन्धि व्यवस्था गर्ने।
- सामाजिक समावेशीकरण सम्बन्धि कार्यको अनुगमन गर्ने गराउने
- सामाजिक समावेशिकरण सहयोगी नीतिहरुसँग सामञ्जस्यता स्थापना गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने
- सामाजिक समावेशिकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली विधि एवम प्रक्रियाहरु स्थापित गर्न सहयोग गर्ने
- वडा कार्यालयहरुमा सामाजिक समावेशिकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने
- योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणालीमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको आवद्धता र मूलप्रवाहीकरणका लागि सहजिकरण गर्ने
- सरकारी तथा गैरसरकारी संघ संस्था र नागरिक समाजमा लैङ्गिक तथा सामाजिक समावेशीकरणललाइ प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुराउने
- वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परिक्षण गर्ने गराउने
- अन्तराष्ट्रियरुपमा गरेका लैङ्गिक तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित प्रतिवद्धताहरु स्थानीयस्तरमा लागु एवम् कार्यान्वयन गर्न गराउन सहजीकरण,प्रोतसाहन र आवश्यक सहयोग गर्ने
- आर्थिक एवम् सामाजिकरुपमा पछाडि परेका वर्ग जात जाति लिङ्ग, क्षेत्र एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनीोजन भए नभएको अनुगमन गर्ने



सिंगासन सा तेली
नगर प्रमुख

- सामाजिक समावेशीकरण रणनीतिकार्यानवयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको आकलन र जोखिम सम्बोध गर्ने गराउने
- समितिको बैठक आवश्कता अनुसार बस्नेछ। समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

**१३. रणनीति कार्यान्वियन अनगुमन सम्बन्धी व्यवस्थाः**

क) रणनीति कार्यान्वियनको सम्वन्धमा मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणसंग रहन्छ। लैससास परीक्षण दिग्दर्शनले निर्दिष्ट गरेका १०० वटा सूचकहरुको आधारमा रणनीति कार्यान्वियन भए नभएको अनुगमन गरिनेछ ।

ख) नगरपालिका भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससासको दृष्टिकोणले समेत गरेर प्राप्त उपलब्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गरिनेछ।

ग) नगरपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गरिनेछ। जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई सुझाव प्रदान गर्ने छ। वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने ब्यवस्था मिलाईने छ।

**१४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु :**

**१४.१ संभाव्य जोखीम : लैससास रणनीति कार्यान्वियनमा निम्नानुसारका जोखिमहरुको आँकलन गरिएको छ।**

क) पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता रणनीतिले महिला तथा बालबालिकालाई मात्र प्राथमिकतामा राख्दछ भन्ने भ्रमपुर्ण वुझाईका कारण रणनीति कार्यान्वियनमा गतिरोध उत्पन्न हुन सक्दछ।

ख) सार्वजानिक तथा निजी क्षेत्रका सवै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वियन तथा अनुगमन सही ढंगबाट नहुन सक्दछ।

ग) लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुनसक्दछ।

घ) लैससास रणनीति कार्यान्वियनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुन सक्दछ।

ङ) विषयगत शाखा तथा अन्य सरोकारवालाहरु वीच लैससास रणनीति कार्यान्वियनमा अन्यौल, विविधता तथा दोहोरोपना हुन सक्दछ।

**१४.२ जोखीम न्यूनीकरणका उपायहरु ;**



सिंगासन साह तेली
नगर प्रमुख

क) लंैगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको बुझाईमा एक रूपता ल्याउन तालिम, गोष्ठी, सचेतनामूलक कार्यक्रम तथा छलफलको आयोजना गर्ने ।

ख) बहुपक्षीय सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्य बढाउने ।

ग) नगरपालिकाका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी कार्यहरुको समीक्षा गर्ने ।

घ) विषय विज्ञहरुसंग नियमित रुपमा छलफल र परामर्श गर्ने ।

**१५. निश्कर्ष:** लैङ्गिक समानता तथा समाजिक समाबेशीकरण बिषय र यसको शब्दावली आफैमा धेरै महत्व वोकेको छ । पहिलो कुरा त यसको अर्थ, मर्म, भावको बुझाईमा एक रुपता ल्याउनु पर्ने देखिन्छ। अनि मात्र यसको कार्यान्वयन ल्याउन सकिन्छ भन्ने लागेको छ । स्थानीय जनप्रतिनिधिहरुको शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक, भाषिक अवस्था भिन्न भएकोले पनि यो सवाल, मुद्धाको संवोधन गर्न कठिन देखिन्छ । निर्णय तह र कार्यान्वयनको चरणमा वास्तविक पिडा भोगेकोले मात्र महसुस गर्न सक्छ। नीति वनाउने मुख्य राजनीति दल, दलका प्रतिनिधिहरु र कार्यान्वयन गर्ने कर्मचारीहरु निर्णय तहमा पुरुषकै बाहुल्यता रहेको सन्द्रभमा यो सहज रुपमा कार्यान्वय गर्न चुनौती देखिन्छ।

नेपालमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रसँगै समाज, संरचना, सोचमा सकरात्मक सोचमा परिवर्तन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण भएको देखिन्छ । तसर्थ यस बहुदरमाई नगरपालिकाले निर्माण गरेको लैससास रणनीति योजना सवै जनसेवक निर्वाचित जनप्रतिनिधीहरु, राष्ट्र सेवक कर्मचारीहरु, विकास प्रेमी राजनीतिक दलहरु, समाजसेवी वुद्धिजीविहरु, ज्ञानका ज्योती वाड्ने शिक्षकहरु, समाजको सकरात्मक परिवर्तनका लागि कार्यरत सरोकारवाला संघ संस्थाहरुको सहकार्यमा यो लैससास रणनीति योजना १००% कार्यान्वयन हुने कुरामा विश्वासका साथ विभेद रहित समाबेशी समाज, यस नगरपालिकाको आवाजको परिकल्पना पुरा हुनेछ।यो लैससास रणनीति तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुयाउने हुने सवै-सवैमा हार्दिक कृतज्ञाता ब्यक्त गर्दछु ।



सिंगासन साह तेली
नगर प्रमुख